बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
१ नं. प्रदेश, नेपाल


पत्र संख्या :- २०७४/७५
चलानी नम्बर :- २५२

मिति २०७४/१०/२५

## बिषय : ईच्छा पत्र पेश गर्ने बारे ।

उपरोक्त सम्बन्धमा बेलबारी नगरपालीकाको आ.व.२०७४/७५ को (कृषि तर्फ) स्विकृत कार्यक्रम अनुसार **प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना** अन्तर्गत तपसिल अनुसारका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले उक्त कार्यक्रममा संलग्न हुन ईच्छुक सम्बन्धित निकायमा दर्ता भएका कृषक समुह /कृषि सहकारी संस्था/जल उपभोक्ता संस्था/कम्पनी/कृषि फर्म तथा उद्यमी कृषकहरुले आवश्यक कागजात सहित यहि मिति २०७४/११/१५ गते कार्यालय समय भित्र यस नगरपालीकामा आबेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

**१. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम ६ वटा**

- संचालन हुने क्षेत्र:- सम्भावना रहेका बेलबारी न.पा.का वडाहरुमा ।
- क्षेत्रफल:- वाली बस्तुहरुमा प्रति पकेट १० हेक्टर (१५ बिगाहा) वा मौरीको हकमा न्यूनतम ५०० आधुनिक घारमा मौरी पालन गर्ने वा कन्ये र गोब्रे च्याउको हकमा न्यूनतम १००० के.जि. बीउ उपयोग गरी खेती गर्ने र प्लाष्टिक घरमा गरिने खेतीको हकमा कम्तिमा १ हेक्टर (३० कठा) क्षेत्रफलमा फैलिएंको प्लाष्टिक घरहरु भएको वा माछा पालनको हकमा न्यूंनतम ६ हेक्टर (९ बिगाहा) जलासय क्षेत्रफलमा फैलिएको हुनु पर्ने छ ।

**२. निबेदन साथ पेश गर्नु पर्ने कागजातहरु :-**

- निबेदनमा रु १०/को टिकट टाँस गर्नु पर्ने छ ।
- कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता संस्था/कृषि कम्पनी/कृषि फर्म तथा उद्यमी कृषकहरुले नाम ठेगाना र सम्पर्क मोवाईल नं अनिबार्य लेख्नु पर्ने छ ।
- समुह/संस्थाको दर्ता प्रमाण पत्र, संस्थाहरुको हकमा पान नंम्बर र कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।
- समुह/संस्थाहरुले कार्यक्रम गर्ने जग्गाहरुको क्षेत्रफल खुलेको निर्णयको प्रतिलिपी ।
- कार्यक्रम संचालन गर्ने जग्गाको क्षेत्रफल खुलेको जग्गा धनिपूर्जाको प्रतिलिपि संलग्न राख्नु पर्ने छ भने भाडामा लिएको जग्गामा कार्यक्रम संचालन गर्ने भए कम्तिमा १० वर्षको लागि गरिएको करारनामा वा भाडा सम्झौता पत्र ।
- नेपाली नागरिकताको प्रमाण पत्र प्रतिलिपी ।
- वडा कार्यालयको सिफारीस पत्र ।

**छनौटका आधारहरु :-**

१) सडकको पहुँच वा हुन सक्ने ।
२) सिंचाईको उपलब्धता भएको वा हुन सक्ने ।
३) बिद्युतको उपलब्धता भएको वा हुन सक्ने ।
४) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा हुन सक्ने ।
५) बित्तिय संस्थाहरुको पहुँच वा हुन सक्ने ।

(नोट : गत आ.व.मा ईच्छा पत्र पेश गरी प्रमाण पत्र लिएका सम्बन्धित निकायहरुले पुन ईच्छा पत्र पेश गर्नु पर्ने छैन ) थप जानकारीको लागि बेलबारी नगरपालीकाको कृषि उपशाखामा वा मो.नं ९८४२०५९३२० मा सम्पर्क गर्नु हुन ।

प्रमुख प्रशासकीय अधिकृत

Email address: belbarimunmorang@gmail.com , Website: www.belbarimun.gov.np Ph. No. 021-546240, 021-545344